महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७८

दिप्रुङ चुइचुम्मा गाउँपालिका,
खोटाङ

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

(प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८/७९

च.नं. ११९

मितिः २०७८/५/४

श्री अध्यक्षज्यू,
दिप्रुङ चुइचुम्मा गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
खोटाङ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक

Phone: 4258174, 4266034, 4255707, A.G.Fax: 977-1-4268309, Fax: 977-1-426-27-98, Post Box: 13328
Email : aag.mgmt@oagnep.gov.np Website : www.oagnep.gov.np

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः ०७८।७९ | **प्रदेश नं १ र प्रदेश नं २ लेखापरीक्षण महानिर्देशनालय** | मितिः२०७८।०५।०४

च.नः ९८

श्री अध्यक्षज्यू,
दिप्रुङ चुइचुम्मा गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
याङ्सोलाटार, खोटाङ।

विषयः लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय,

हामीले **दिप्रुङ चुइचुम्मा गाउँपालिका, याङ्सोलाटार, खोटाङको** आर्थिक वर्ष २०७६।७७ को वित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचाको वित्तिय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।११।३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २० (बिस) यसैसाथ संलग्न छ ।

३. लेखापरीक्षणबाट रु. २ करोड ९३ लाख ५३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. २४ लाख २१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ६२ लाख ७५ हजार, नियमित गर्नुपर्ने रु. ९१ लाख र पेश्की बाँकी रु. १ करोड १५ लाख ५७ हजार रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत दिप्रुङ चुइचुम्मा गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउँन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

दिप्रुङ चुइचुम्मा गाउँपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७६।७७

परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्नेगरी यो गाउँपालिका मिति २०७३मा स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु गाउँपालिकाको प्रमुख उद्देश्य हो । यस गाउँपालिका अन्तगत ७ वडा रहेको ४३ सभा सदस्य १३६.४८ वर्ग कि.मी. क्षेत्रफल, करिब २२३८७ जनसंख्या रहेको यो गाउँपालिका १ नं.प्रदेशमा अवस्थित छ ।

स्थानिय सचितकोषः- आर्थिक वर्ष २०७६।७७ स्थानीय सञ्चित कोष आय.व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।यस पालिकालाई एकिकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भूक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७२) उपलब्ध गराउन माग गरिएकोमा सम्पुर्ण आर्थिक कारोवारको यथार्थ एंव विस्तृत विवरण खुलाई सो विवरण प्राप्त हुन सकेन। पालिकाको यस वर्षको एकिकृत आर्थिक विवरण निम्नानुसार रहेको छ।

एकिकृत विवरण

	दिप्रुङ चुईचुम्मा गाउँपालिका						
	स्वीकृत आय व्याय हिसाव विवरण						
	आ.व. २०७६/७७						
सि. नं.	**आयतर्फ**			सि.नं.	**व्ययतर्फ**		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**		३८५६२०१३।६२	१	**चालु खर्च**	२५२८०१९२७।२०	२५२८०१९२७।२०
	क) नगद			२	**पूँजीगत खर्च**	१५४७२७७७९।४०	१५४७२७७७९।४०
	ख) बैंक	३८५६२०१३।६२		३	**वित्तीय व्यवस्था भुक्तानी**		०।००
२	**राजश्व (आन्तरिक आय)**		४६२६५६८४।०४		क) ऋण भुक्तानी	०	०।००
	क) आन्तरिक राजश्व	५३०५८४।२०			ख) व्याज भुक्तानी	०	०।००
	ख) संघिय राजश्व बाँडफाँड	४३६८६२३४।८४			ग) अन्य भुक्तानी		०।००
	ग) प्रदेश राजश्व बाँडफाँढ	२०४८८६५।००			प्रकोप व्यवस्थापन कोष	६२८५०१४	६२८५०१४।००
	ग) अन्य आय			४	**लगानी**		
३	**वित्तीय हस्तान्तरण**		२९७३४६०००।००		ऋण लगानी	०	०।००
	क)वित्तीय समानीकरण अनुदान	९०२००००००।००			शेयर लगानी	०	०।००
	ख) सशर्त अनुदान	१९५९९४६०००।००			अन्य लगानी	०	०।००
	ग) समपूरक अनुदान	११२००००००।००		५	**धरौटी फिर्ता**		०।००
	घ) विशेष अनुदान	०।००		६	**कोष फिर्ता खर्च**		०।००
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		४०७३७०००।००	७	**मौज्दात**		०।००
	क)वित्तीय समानीकरण अनुदान	६९९७०००।००			क) नगद मौज्दात		०।००
	ख) सशर्त अनुदान	१५७४००००।००			ख) बैंक मौज्दात	८२७०७५५७।०६	८२७०७५५७।०६
	ग) समपूरक अनुदान	१६०००००००।००			धरौटी	९७९२६६	९७९२६६।००
	घ) विशेष अनुदान	२००००००।००			प्रकोप व्यवस्थापन कोष	११४९४११	११४९४११।००

५	**अन्तर स्थानीय तहबाट प्राप्त**				विविध खाता	२३०००	२३०००।००
६	**वित्तीय व्यवस्था प्राप्ति**						
	क) ऋण प्राप्ति						
	ख) साँवा प्राप्ति						
	ग) ब्याज प्राप्ति						
	घ) अन्य प्राप्ति						
६	**विभिन्न कोषतर्फको आय**						
८	**जनसहभागिता (नगद)**						
९	**विषयगत निकायबाट प्राप्त रकम**		७५७६३२५७।००				
	स्थानिय तह प्रशासकिय भवन निर्माण	२०००००००।००					
	गरिवसंग विश्वेश्वर कार्यकम	४९५०००।००					
	स्थानिय पुर्वाधार विकास साझेदारी कार्यकम	२९६३०००।००					
	सामाजिक सुरक्षा	५५८८३०००।००					
	वहुक्षेत्रिय पोषण कार्यकम	६०५०००।००					
	पञ्किरण चालु	६८००५०।००					
	स्विस सरकार सोझै भुक्तानी	४१००५१६।००					
	प्रदेश सरकार कोभिड नियन्त्रणवाट	५००००००।००					
	विविध खाता	२३०००।००					
१०	**धरौंटी आय**	९७९२६६।००					
११	**लगानीको साँवा फिर्ता**						
१२	**विपत व्यवस्थापन कोष आम्दानी**	७४३४४२५।००					
	अन्य आय	१००००००।००					
	जम्मा	**४९८६७३९५४।६६**	**४९८६७३९५४।६६**		**जम्मा**	**४९८६७३९५४।६६**	**४९८६७३९५४।६६**

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम	फछ्यौट
	लेखापरीक्षणमा औल्याए पश्चात रु. १ करोड ९ लाख ७० हजार र प्रारम्भिक प्रतिवेदन जारी पश्चात रु. २ लाख ७९ हजार समेत रु. १ करोड १२ लाख ४९ हजार असुली भएको छ।		
१.	**<u>वित्तीय विवरण</u>** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ● स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । ● लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । ● कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मैज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको । ● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन पूर्ण रुपमा गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।		
२.	**<u>बैक हिसाब मिलान नगरेको</u>** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयको असार मसान्तको बैंक मौज्दात रु. ११,६०,६१,५४३।५६ र श्रेस्ताको मौज्दात रु.८,२७,०७,५५७।०६ गरी फरक रु.३,३३,५३,९८६।५० देखिएको छ ।बैंक हिसाब विवरण तयार गरी यकिन हुनु पर्ने देखिन्छ।		
३.	**<u>कारोवारको लेखाः</u>** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ दफा २३ (४) अनुसार राजश्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तिय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था छ । साथै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १० अनुसार प्रत्येक कार्यालयले अर्थ मन्त्रालयबाट स्वीकृत राजश्व वर्गीकरणको व्याख्या अनुरुप लगती तथा हसवली राजश्व आम्दानी दाखिला गरी नियम ९ वमोजिम आम्दानी जनाउँदा दोहोरो स्रेस्ता प्रणाली अनुसार राजश्व स्रेस्ताको लागि महालेखा परीक्षकको कार्यालयबाट तोकिएको ढाँचामा लेखा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाको वडा कार्यालयबाट प्राप्त हुने राजश्वको अभिलेख तोकिएको ढाँचामा नराखेको, प्राप्त राजश्व एकमुष्ठ जम्मा गर्ने गरेको देखिन्छ ।राजश्व समयमै बैंक दाखिला नगर्ने, तोकिएको ढाँचामा अभिलेख नराख्ने गर्दा राजश्वको हिनामिना हुनसक्ने भएकोले यसतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।		
४.	**<u>आन्तरिक नियन्त्रण प्रणालीः</u>** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।		

द फा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम	फछ्यौट
	• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन । • पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग पूर्ण रुपमा पालना गरेको पाईएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता तर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो। • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ-टीडिएस नगरेको । • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र		

द फा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम	फछ्यौट
	सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। ● वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन। ● सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । ● निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । ● मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समिति को नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।		
५.	**<u>चौमासिक पूँजीगत खर्च</u>** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।		

सि.नं.	पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	
१.	विभिन्न शिर्षक	१५४७५१	८३९७	५०२३	१४१३३१	११५०५१
	खर्च प्रतिशत	१००%	५.४२%	३.२४%	९१.३४%	७४.३६%

६.	**<u>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन</u>** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका शिक्षा, लेखा, प्रशासन अधिकृत, इन्जीनियर, आलेप,प्रशासन सहायक पाचौं सहित २८ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।		
७.	**<u>कल्याण कोष</u>** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले कर्मचारी कल्याणकारी कोषको स्थापना गरेको पाइएन। ऐनको पालना हुनु पर्दछ।		
८.	**<u>कानून र सञ्चालन स्थिति</u>** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १८ वटा ऐन, ५ वटा नियमावली, १७ वटा कार्यविधि, १ वटा मापदण्ड, २ वटा निर्देशिका लगायत ४३ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । साथै पालिकाले २ वटा कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त		

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम	फछ्यौट
	कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।		
९.	**न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउँने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा कार्यलयबाट फारम नं १७ मा मागिएका विवरण प्राप्त नभएकाले न्यायिक समितिमा दर्ता र फछौंट भएका उजुरीको यकिन गर्न सकिएन।		
१०.	**आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।		
	गाउँपालीका चालु –		
११.	**कर्मचारी प्रोत्साहन भत्ता** — स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई मात्र खाजा र खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कर्मचारी प्रोत्साहान भत्ता निर्देशिका २०७६ बनाई कार्यरत पदमा खाइपाइ आएको तलबको ५० प्रतिशतले प्रदान गरिने व्यवस्था गरी यस आ.व.मा गाउँकार्यपालिका कार्यालयमा कार्यरत स्थायी, करार र विषयगत कर्मचारीहरुलाई प्रोत्साहन भत्ता भुक्तानी गरी खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु.	३६५२४६४	
१२.	**कर्मचारी भ्रमण भत्ताः** (गो.भौ.नं/मिति — ११५-७७/२/१६) - भ्रमण खर्च नियमावली २०६४ बमोजिम सरकारी कामको सिलसिलामा मुलुकभित्र आफ्नो कार्यालय भन्दा बाहिर भ्रमणमा वा काजमा खटिएका पदाधिकारी वा कर्मचारीले नियमानुसार दैनिक भ्रमण भत्ता पाउने व्यवस्था रहेको छ । गाउँपालिकाका स.ले.पा सुमन पोखरेलले मिति २०७६/१०/८-१०/१४ सम्म दिक्तेल भ्रमण गरेकोमा मिति २०७६/१०/९-१०/१४ सम्म कार्यालयमा हाजिरि गरेकाले नपाउने भ्रमण खर्च असुल हुनुपर्ने रु.	६६००	
१३.	**कर कट्टी दाखिला पेश नभएकोः** (गो.भौ.नं २०६-२०७७/३/३०) - शिक्षा संयोजक मणिकुमार गिरीले लिनुभएको पेश्की फछौंटमा गाउँपालिकामा २०७६ सालमा संचालन भएको कक्षा ८ को गाउँपालिका स्तरिय वार्षिक परीक्षा संचालन गरेवापत केन्द्राध्यक्ष, निरिक्षक, र कार्यालय सहयोगी पारिश्रमिक वापत ९ वटा मा.वि.को जम्मा रु.९३,१५०।को पारिश्रमिक कर रु.१३,९७३।को कर कट्टि भएपनि पे.फ. गर्दा करकट्टि दाखिला गरेको प्रमाण पेश नभएकोले कर दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु.	१३९७३	
१४.	**सक्कल बील पेश नभएकोः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको बिलभर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरीद गरेका विभिन्न सामाग्रीहरुको सक्कल बील नराखी छाँयाप्रति बिल राखेकोले सक्कल प्रमाण पेश गर्नु पर्ने रु.	१०३६२३७	

गो.भौ.नं/मिति	फर्मको नाम	विजक नं	सामाग्रीको नाम	बील रकम भ्याट सहित
१६०-७७/३/२४	अल्फासफ्ट ट्रेडिङ इन्टरनेशनल प्रा.ली पुतलीसडक	०८४	क्यामरा, केबल, क्लाम्पर	३९८००

द फा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम	फछ्यौट

८२-७७/३/२५	मनकामना हार्डवेयर सप्लायर्स एण्ड ट्रेडर्स	-	तारजाली	४६०३६
१३३-७७/३/३१	हिमशिखर ग्रील उद्योग	-	टिना, रंगरोगन विजुली सामान	४७५९९८
१३३-७७/३/३१	श्रेष्ठ ग्रील उद्योग	-	सिमेन्ट	४७४४०२
जम्मा रकम				**१०३६२३७**

१५. **<u>परीक्षा संचालन समिति बैठक भत्ताः</u>-** (गो.भौ.नं ४५-२०७६/८/१२) - आर्थिक कार्यविधी नियमावली, २०६४ को निमय ३६(३) मा खर्चको बिल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । स्वास्थ्य संयोजक मुस्ताक अहमद मन्सुरीले अनमी, अहेव, एमआइ एस अपरेटर र फिल्ड सहायकको परीक्षा संचालन समितिको बैठकका लागि लिएको पेश्की फछ्यौट गर्दा देखिएका व्यहोराहरु यस प्रकार छन्

(क) अनमी र अहेव पदको परीक्षाका लागि बसेको बैठकमा बैठक बसेको संख्या भन्दा बढी संख्यामा भत्ता वितरण गरेकाले बढी संख्यामा वितरण भएको भत्ता सम्बन्धीत कर्मचारीबाट असुल हुनुपर्ने रु. — ३३१५

क्र. सं	कर्मचारीको नाम/पद	भत्ता वितरण भएको बैठक संख्या	बैठक बसेको संख्या	बढी भत्ता वितरण कर बाहेक
१.	सदस्य प्रतिनिधि जि.प्र.का श्याम कुमार राई	६	५	१२७५
२.	सलेपा सुमन पोखरेल	६	५	१०२०
३.	सदस्य प्रतिनिधि जि.प्र.का गणेश ब. खड्का	६	५	१०२०
जम्मा रकम				**३३१५**

(ख) स्वास्थ्य संयोजन मुस्ताक अहमद मन्सुरीले अनमी, अहेव, एमआइ एस अपरेटर र फिल्ड सहायकको परीक्षा संचालन समितिको बैठकका लागि लिएको पेश्की फछ्यौट गर्दा एम.आइ.एस. अपरेटर र फिल्ड सहायक परीक्षाको बैठक र सिफ्टमा बसे वापत भत्ता बुझेको भरपाई वेगर भुक्तानी गरेकोले सम्वन्धित कर्मचारीले बुझेको भरपाई पेश गर्नु पर्ने रु. — १८०००

(ग)स्वास्थ्य संयोजक मुस्ताक अहमद मन्सुरीले अनमी, अहेव, एमआइ एस अपरेटर र फिल्ड सहायकको परीक्षा संचालन समितिको बैठकका लिएको पेश्की फछ्यौट गर्दा पेश्की वापत रु.१,००,०००।पेश्की फछ्यौट गर्दा रु.१,३३,०००। बिल भरपाई संलग्न गरी रु.१,६४,०००। खर्च लेखेकोले बिल भरपाई भन्दा बढी भुक्तानी असुल हुनु पर्ने रु. — ३१०००

१६. **<u>कम बिल भर्पाइः</u>** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको बिलभर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारको भौचरमा बिल भरपाई भन्दा बढी भुक्तानी भएकोले प्रमाण पेश गर्नु पर्ने रु. — १९२७७

गो.भौ.नं/मिति	भौचरमा भुक्तानी भएको रकम	बिलभर्पाइ पेश भएको रकम	कम बिलभर्पाइ
१२-७६/६/१२	२१३९७०	२०१५४३	१२४२७
६०-७६/९/८	१७०८००	१६३९५०	६८५०
जम्मा रकम			**१९२७७**

१७. **<u>गाउँ शिक्षा समितिको बैठक भत्ताः</u>** गो.भौ.नं १७२-७७/३/२९- गाउँतथा नगर सभाका सदस्यहरुको सुविधाको सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ को दफा ४ को उपदफा २ मा विषयगत बैठकको हकमा मासिक १ वटा मात्र बैठकको भत्ता पाउने व्यवस्था रहेकोमा कार्यालयले गाउँ शिक्षा समितिको बैठक भत्ता भुक्तानी गर्दा गो.भौ नं १२२-२०७७/२/२६ बाट १२ वटा बैठक भत्ता भुक्तानी गरीसकेपछि पनि पुनः निम्नानुसारका पदाधिकारी र कर्मचारीहरुलाई भत्ता भुक्तानी गरेकाले नियममा भएको भन्दा बढी संख्यामा भत्ता भुक्तानी गरेकाले सम्बन्धित कर्मचारी र पदाधिकारीबाट असुल हुनुपर्ने रु. — ८१६०

क्र.सं	पदाधिकारी/कर्मचारीको नाम/पद	बढी भएको बैठक संख्यामा	भुक्तानी भएको रकम कर बाहेक

द फा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम	फछ्यौट
	१. सदस्य सुरमणि पराजुली २ २७२० २. सदस्य केशव कुमार खड्का ३ ४०८० ३. आमन्त्रित मणि कुमार राई १ १३६० **जम्मा रकम ८१६०**		
१८.	**फुटबल खेलकुद पेश्की फछ्यौटः** गो.भौ.नं २-२०७७/५/३०- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको बिलभर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले बिल भरपाई बेगर सुरेश राईले खेलकुद वापत लिएको पेश्की फछ्यौट गर्दा रु.३१,७००।बिल भरपाई वेगर भुक्तानी गरेकोले सोको प्रमाण पेश गर्नु पर्ने रु.	३१७००	
१९.	**पदाधिकारी मोबाइल खरिदः** सार्वजनिक खर्चमा मितव्यीता र प्रभावकारीता कायम गर्ने सम्बन्धी निति मार्गदर्शन २०७५,मा भएको व्यवस्था अनुसार कार्यालयले खर्चमा मितव्यीता ल्याइ काम गर्नुपर्नेमा कार्यालयमा आर्थिक भार पर्ने हिसाबले अनुत्पादक क्षेत्रमा खर्च गर्न हुदैन । निम्नानुसारका पदाधिकारीहरुलाई मोबाइल फोन खरिद गरी वितरण गरेका कारण कार्यालयमा थप व्ययभार पर्न गएको देखिन्छ।यसमा सुधार हुन पर्दछ ।		

क्र.सं	पदाधिकारीको नाम	पद	खरिद गरेको सामाग्री	संख्या	रकम
१.	भुपेन्द्र राई	अध्यक्ष	स्यामसुङ मोबाइल	१	६२४००
२.	सपना राई	उपाध्यक्ष	एप्पल आइफोन ११ प्रोम्याक्स	१	२०६०००
	जम्मा रकम				**२६८४००**

२०.	**सशर्त स्वास्थ्यः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको बिलभर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । यसमा देखिएको व्यहोरा निम्नानुसार छन् ।		
	(क) गो.भौ.नं ३२-७७/३/३१- स्वास्थ्य संस्था र सामुदायिक स्वास्थ्य केन्द्रलाई औजार उपकरण तथा स्वास्थ्य सामाग्री वितरण गर्नको लागि रु.१,२७,०००। खर्च लेखेकोमा स्वास्थ्य संस्था र सामुदायिक स्वास्थ्य केन्द्रलाई सामाग्री हस्तान्तरण गरेको भर्पाई पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु.	१२७०००	
२१.	**गाउँपालिका आन्तरिक आम्दानीः** यस वर्ष गाउँपालिकाले मालपोत/भुमि कर, अन्य सेवा शुल्क तथा बिक्री (पार्क बनभोज स्थल भ्यू टावर तथा ढुँगागिटी बालुवा बिक्री समेत), न्यायीक दस्तुर न्यायीक समिति समेत, परिक्षा शुल्क, अन्य प्रशासनिक शुल्क(बोलपत्र फारम बिक्री समेत), सिफारिस दस्तुर, नाता प्रमाणित, अन्य दस्तुर (ब्याक हो लोडर तथा सवारी कर समेत), पञ्जीकरण गरी राजश्व वाँडफाड बाहेक रु.५,३०,५८४।२०आम्दानी गरेको विवरण प्राप्त भएको छ । कार्यालयले आफै लिने राजश्व रकम रसिद काट्ने गरेको तथा वडाहरुबाट प्राप्त हुने राजश्व प्राप्त भए अनुसार दाखिला गरी राजश्व आम्दानी बाध्ने गरेको पाईयो । नगद मार्फत आम्दानी भएको रकमको दैनिक आम्दानी तथा दाखिला विवरण तयार नगरी बैंक दाखिलाका आधारमा आम्दानी बाधेको तथा आन्तरिक आम्दानीको शिर्षकगत आम्दानी खाता राखेको पाइएन।		
२२.	**मालपोत तथा नगदी रसिद आम्दानी तर्फः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(५) ले राजश्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तिय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था छ। यस वर्ष कार्यालयले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं हरु नराखेको तथा कार्यालयले राजश्व असुलीमा प्रयोग हुने रसिद के कति छपाइ भयो र यो वर्ष कति खर्च भइ के कति आगामी वर्षको लागि जिम्मेवारी सारेको भनी रसिद नियन्त्रण खाताको प्रयोग गरेतापनि उक्त खातालाई अध्यावधिक गरेको छैन। वडा कार्यालयहरुले आन्तरिक आम्दानीका लागि प्रयोग गरेका रसिदहरु लेखापरीक्षणका लागि पेश गरेकोमा यो आर्थिक वर्षमा लगेको भन्दा बढी रसिद ठेली प्राप्त भएको छ। अतः अनिवार्य राख्नु पर्ने दैनिक आम्दानी एवम् बैंक दाखिला खाताहरुको प्रयोग गरी राजश्व		

द फा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम	फछ्यौट
	अभिलेख व्यवस्थित राख्नु पर्ने देखिन्छ। वडा कार्यालयले सिधै कार्यालयको खातामा रकम दाखिला गरेको आम्दानीका आधारमा राजश्वको आम्दानी बाधेको देखियो ।यसबाट कार्यालयले देखाएको आन्तरिक आम्दानी यकिन गर्न सकिने अवस्था देखिएन।		
	वित्तिय समानिकरण पूँजिगत-		
२३.	**<u>शिक्षकको तलब भत्ता:</u>** (गो.भौ.नं ५६-७६/८/१८) - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४३ बमोजिम आफूलाई वा कुनै खास व्यक्तिलाई फाईदा हुने गरी सरकारी धन खर्च गर्न नहुने व्यवस्था छ । कार्यालयले पुँजिगत शीर्षक अनुदान बाट २० विद्यालयको खातामा २०७६ श्रावणदेखि २०७७ आषाढसम्म सट्टा शिक्षक तथा बालविकास केन्द्रको रकम रु. ३६,६८,४००। भुक्तानी खर्च लेखेकोमा पञ्चकौशिका मा.वि. रु. २,७०,०००।, महेन्द्रौदय मा.वि. याम्खा रु. १,९८,०००।, शान्ति मा.वि. टेम्मा रु. १,९८,०००। र जनसेवा मा.वि. दिहुँ रु. २,७०,०००। समेत रु. ९,३६,०००।बैंक खाता रोक्का राखिएको देखिन्छ । यसरी रकम निकासा गर्नु नपर्ने भए बजेट खर्च नै नलेख्नु पर्नेमा बजेट खर्च जनाई खाता रोक्का राखिएको र पछिल्ला महिनाको खर्च समेत अगावै भएबाट शिक्षक हाजिर नभएको अवस्थामा समेत बजेट खर्च हुने हुँदा उक्त खर्च एकिन गर्न नसकिएको र पुँजिगत खर्चबाट तलब भत्ता खर्च लेखेको नियमित नदेखिएको रु.	३६६८४००	
	(क) <u>निकासा</u>- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४३ बमोजिम आफु तथा खास व्यक्तिलाई फाइदा पुग्ने गरी सरकारी धन खर्च गर्न नहुने उल्लेख छ। शिक्षकको नियुक्ति मिति २०७६/०८/०१ देखि भएकोमा विद्यालयको खातामा श्रावणदेखि नै निकासा भुक्तानी भएकोले ४ महिनाको बढि भुक्तानी भएको रकम असुल हुनु पर्ने रु.	१२२२८००	

सि.नं.	विद्यालयको नाम	बढि निकासा भएको रकम
१.	पञ्चकौशिका मा.वि.	१५६०००
२.	शान्ति मा.वि	९००००
३.	जनसेवा मा.वि.	९००००
४.	सरस्वती मा.वि. कुलागाउँ	१०६३५०
५.	सरस्वती मा.वि. डाँडाखर्क	९००००
६.	शान्ति निकेतन मा.वि.	६६०००
७.	राम्चे निकेतन मा.वि.	८२३५०
८.	शान्ति मा.वि. टेम्मा	६६०००
९.	याङसोला मा.वि.	६६०००
१०.	महेन्द्रोदय आ.वि.	६६०००
११.	महेन्द्रोदय मा.वि.	६६०००
१२.	महेन्द्र तारा आ.वि.	६००००
१३.	जनविकास आ.वि.	६००००
१४.	जनजागृति आ.वि.	६०००
१५.	पञ्चकन्या प्रा.वि.	१६३५०
१६.	कालिका प्रा.वि	१६३५०
१७.	साप्सु निकेतन प्रा.वि.	१६३५०
१८.	जनजागृति प्रा.वि.	१६३५०
१९.	शितला प्रा.वि.	१६३५०
२०.	चित्र निकेतन प्रा.वि.	१६३५०
	जम्मा	**१२,२२,८००**

	(ख) <u>शिक्षकको तलब भत्ता निकासा</u> - शिक्षा नियमावली, २०५९ को नियम १ ७९ मा कुनै कामको लागि आवश्यक भन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने व्यवस्था छ।देहायका विद्यालयहरुलाई माग गरेको तलव भन्दा बढी निकासा दिएकोले असुल गर्नुपर्ने रु.	६२६००	

द फा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम	फछ्यौट

सि.नं.	विद्यालयको नाम	चौमासिक	विवरण	माग रकम	निकासा रकम	बढी निकासा
१	सरस्वती माध्यमिक विद्यालय	प्रथम	नियुक्तिको ६ महिना नपुग्दै चाडपर्व खर्च निकासा	१५१९६०	१८७९५०	३५९९०
२	जनसेवा मा.वि.छितापोखरी	प्रथम	नियुक्तिको ६ महिना नपुग्दै चाडपर्व खर्च निकासा	११४४४०	१४४०५०	२६६१०
	जम्मा			२६६४००	३३२०००	६२६००

२४. **<u>प्रशासनिक भवन निर्माणः</u>** प्रशासकीय भवन निर्माणको लागी रु ४,९५,९७,७१५।२२को लागत अनुमान मिति २०७७/२/९मा सुचना प्रकासित भै सवभन्दा कम कवोल गर्ने रविना अविसा जे.भि. ३,६४,६१,८१९।३४ मिति २०७७/१२/३० सम्ममा सम्पन्न गर्ने गरी मिति २०७७/३/२० मा सम्झौता भएको र भौ. न. ३१० मिति २०७७//३/३१ वाट रु १२,००,०००। पेश्की भुक्तानी भएको ठेक्का फायल अध्ययन गर्दा कार्यस्थलमा फाउन्डेसनमा वेसमेन्ट कार्यको डण्डी राख्ने काम मात्र २०७७ माघ १५ सम्ममा भएकोले २.५ महीना भित्र निमार्णकार्य सम्पन्न हुने अवस्था देखिएन।यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु निम्नानुसारका छन्।

(क) **<u>फछ्यौट गर्न बाँकी पेश्की रकमः-</u>** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ८० मा सरकारी कामकाजको निमित्त एक आर्थिक वर्षमा गएको पेश्की रकम सोही आर्थिक वर्षमा फछ्यौंट हुन नसकेमा कार्यालय प्रमुखले त्यसरी फछ्यौंट हुन बाँकी रहेको पेश्की जिम्मेवारी अर्को आर्थिक वर्षमा सारी प्रमाणित गर्नुपर्ने र यसरी सारिएको पेश्की यस नियमावली बमोजिम फछ्यौंट गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाको भवन निर्माण वापत रु.१२,००,०००। मोविलाइजेश पेश्की भुक्तानी खर्च लेखेकोमा उक्त रकम असुल फछ्यौट हुनुपर्ने रु. — १२००००० — फछ्यौट

२५. **<u>साप्सु खोला पुल</u>** - साप्सु खोला पुल योजनाको लागी रु. ६,९२,९२,९५८।२४ को लागत अनुमान स्विकृत भै २०७५/११/१२मा सुचना प्रकासित भएको मा सबै भन्दा घटी कवोल गर्ने निर्माण व्याबसायी सुर्य एण्ड सन्स प्रा.लि.को कवोल अंक रु. ५,६०,१०,५४५।२५ मिति २०७८/०२/१७ भित्र सम्पन्न गर्ने गरि २०७६/०२/१७ मा सम्झौता भएको छ । नेपाल बैक वाट जारी पेश्की भुक्तानी बैक जमानत को म्याद २०७७/२/९ सम्म मात्र रहेको र पेश्की वाकी रु. ९६,००,०००। देखिएकोले तोकिएको पेश्की रकम जोखिममा रहेको देखिन्छ । पुरा अवधीको बैक जमानत को म्याद थप हुनु पर्दछ।

२६. **<u>वडा कार्यालय भवन निर्माणः</u>** (गो.भौ.नं २९८।३।३१) - वडा कार्यलय भवन निर्माण उपभोक्ता समितिवाट गाउँपालिकाको स्विकृत योजना अनुसार वडा न. ६ कार्यलय भवन निर्माण गर्न रु. २६,०५,३००।को लागत स्विकृत भै २५ लाख कार्यलयवाट र रु. १,०५,३००। उपभोक्ता समितिवाट व्यहोर्ने गरी सम्झौता भएकोमा रु.२२,४४,७७०। को मुल्याङ्कन पेस भै प्रथम विल पेस भएको र पेश्की फछ्यौंट भएको देखिन्छ । तोकिएको समय भित्र निर्माण कार्य सम्पन्न नभएकोमा म्याद थपको निवेदन पेश तथा म्याद थपको निर्णय भएको देखिएन । सोही अनुसार वडा तथा महिला भवन निर्माण कार्यको उपभोक्ता समितिसंग सम्झौता भएकोमा सम्झौताको म्याद भित्र कार्य भएको देखिएन।

२७. **<u>दररेट फरकः</u>** जिल्ला प्राविधिक कार्यलयको ग्रामीण क्षेत्रको लागी दर रेट स्विकृत र नर्मस अनुसार दर विश्लेषण गरी आईटम दर कायम भएकोमा सिमेन्टको जोडाइमा ईटाको गारो लगाउँने कार्य १:६ काठमाडौमा ईटाको साईज सानो हुने हुदा ५६० वटा प्रती घन मिटरमा लाग्ने र तराई ईटा ५३० वटा मात्र लाग्ने गरि भवन निर्माण विभागको नर्मस स्वीकृत भएको देखिन्छ, जस वाट प्रती घन मीटर रु.१९,७१६। दर कायम हुनु पर्नेमा गाउँपालिका वाट दर कायम गर्दा प्रतीघन मिटर २९,१०३। का दरले दररेट कायम गर्दा वास्तविक लाग्ने भन्दा रु.९,३८७। फरक भै २८.५६ घन मीटरको रु.२,६८,०९२। बढी व्यायभार पारी वडा भवनको लागत अनुमान भइ उपभोक्ता समिति संग सम्झौता भएको र सोही अनुसार भुक्तानी भएको कारण बढी खर्च हुने देखिन्छ ।यसरी एउटा वडामा ३० घन मी को दरले ४ वटा भवनको रु.१०,७२,३६८। बढी व्ययभार पर्न गएको छ। बढी व्ययभार भएको सम्बन्धमा कार्यालयसंग छलफल

द फा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम	फछ्यौट
	गर्दा सबै इट्टाको साइज एक नास नहुने भएकोले उक्त संख्या राख्नु नै पर्ने भनी जवाफ प्राप्त भएको छ।		
२८.	**<u>दिखुवा दोभान झोलुङ्गे पुलः</u>** दिखुवा दोभान झोलुङ्गे पुल निर्माण कार्यको लागि रु. २,६०,६६,४४४।९४ को लागत अनुमान स्वीकृत भई सबैभन्दा घटी कबोल गर्ने सेफ स्टल प्रा.लि. को रु. २०,४६,१८४।०७ मिति २०७६/१२/१४ भित्र सम्पन्न गर्ने गरी मिति २०७६/०९/१४ मा सम्झौता भएको फाइल अध्ययन गर्दा देखिएका व्यहोरा निम्नानुसार रहेका छन । (क) तोकिएको मिति भित्र कुनै कार्य नगरेको तथा म्याद थप नभएकोले सम्झौताको GCC बुँदा नं. ३.२ मा ३ वर्षसम्म कालोसूचीमा राख्न सकिने उल्लेख भएकोले सो सम्बन्धमा यकिन हुनु पर्ने देखिन्छ । साथै कार्य सम्पादन जमानत बापत पेश गरेको रु. १८७५००।सानिमा बैंकसँग माग हुनुपर्ने देखिएको रु.	१८७५००	
	(ख) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले सम्झौता बमोजिमको कार्य तोकिएको समयभित्र सम्पन्न हुन नसकेमा १० प्रतिशतमा नबढ्ने गरी सम्झौता रकममा प्रतिदिन ०.०५ प्रतिशतका दरले पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नु पर्ने व्यवस्था छ । सम्झौता अनुसारको म्याद २०७६/१२/१४ सम्म रहेकोमा कुनै काम नभएकोले नियमानुसार तथा सम्झौता अनुसार १० प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति रु.२,०४,६१८। असुल गर्नु पर्ने रु.	२०४६१८	
